**तपाईंको आवाज महत्त्वपूर्ण बनाउनु होस्!**

**आफ्नो बिद्यालयको सल्लाह समितीमा भाग लिनु होस्।**

**दृष्टि, साझेदारी, रचनात्मक्ता, परिणाम।**

**तपाईंको बिद्यालय राम्रो बनाउने मौका।**

**www.philasd.org/sac**

**बिद्यालय सल्लाह समिती (SAC, School Advisory Council) भनेको के हो?**

सम्पूर्ण बिद्यालयहरुलाई असर गर्ने निर्णय बनाउन छलफल गर्ने बिद्यालय व्यापी प्रतिनिधित्व सुनिश्चित गर्ने सल्लाह समितीलाई बिद्यालय सल्ला समिती भनिन्छ। सम्पूर्ण विद्यार्थीहरुकालागी बिद्यालय राम्रो बनाउन सहयोग गर्ने बिचारहरु बाँढ्न एस् ए सि ले सम्पूर्ण हितधारकहरुलाई निमन्त्रण गर्छ। यो समितीले विविध बिचारहरु र दृष्टिकोणहरुका लागि मन्च प्रदान गर्छ र सदस्य र प्रतिनिधित्व गर्ने हितधारकहरु बिच कुराकानी र साझेदारी प्रदान गर्छ। यो समिती बिभिन्न कार्यको लागि र परिणाम प्राप्त गर्न जिम्मेवारि हुन्छ। हरेक समितीको सदस्यको सन्ख्या फरक हुन्छ तर सामान्य निर्देशन एउटै हुन्छ। हरेक समितीमा ७ देखी २१ निर्वाचन गर्ने सदस्य हुन्छन् यि व्यक्तिहरु सम्मिलित हुन्छन्:

- बिद्यालयको प्रधानाध्यापक
- कम्तीमा २ जना स्टाफ सदस्यहरु
- बिद्यालयहरुको साझेदारी संगठनको प्रतिनिधि गर्ने एक जना (या त्यो भन्दा धैरै) समुदायको सदस्य
- उच्च माध्यमिक बिद्यालयमा भएका कम्तीमा ३ जना विद्यार्थीहरु (प्राथमिक र माध्यमिक बिद्यालयहरुका लागि बिकल्प)/यो समितीमा बहुमत सिट (५१% या बढी) कायम गर्ने आमा बुवाहरु
- उच्च माध्यमिक बिद्यालयमा भएका कम्तीमा ३ जना विद्यार्थीहरु (प्राथमिक र माध्यमिक बिद्यालयहरुका लागि बिकल्प)

पहिलो चोटि यो समिती बनाउँदा तपाईंको बिद्यालयले समितीको रचनाको बारे निर्णय गर्नु पर्छ। यो समिती बनेपछी तपाईंले आफ्नो निर्णय पुन रुपमा परिवर्तन गर्न सक्नु हुन्छ र समयोजना गर्न सक्नु हुन्छ।(प्रधानाध्यापक र घर र बिद्यालय संघको अध्यक्ष बाहेक) निर्वाचन गर्ने सदस्यहरुलाई लोक्तान्त्रिक प्रकृया द्वारा छनोट गरिन्छ र उनिहरुले दुई वटा अवधी पुरा गर्न आपेक्षा गरिन्छ। यो समितीको सदस्यता र छनोट प्रकृयाको बारे थप जानकारी प्राप्त गर्न कृपया www.philasd.org/sac जानु होला र आफ्नो बिद्यालयको समितीमा भाग लिन नामांकन फारम अन्लाईन भर्नु होला। यो समितीमा अरु व्यक्तिहरुले भाग लिन सक्ने छन् तर निर्वाचन गर्ने व्यक्तिहरुले मात्र निर्णयहरु बनाउन सक्नेछन् र सम्मेलनको बिषय नियन्त्रण गर्न सक्नेछन्।

**<u>दृष्टिकोण</u>**

दृष्टिकोणमा विविध व्यक्तिहरुलाई एउटै लक्ष्य र प्रतिबद्धताको लागि एक जुट बनाउने शक्ति हुन्छ। यस्ले हाम्रो रचनात्मक्ता सृजना गर्छ, निर्देशन प्रदान गर्छ र हामीलाई काम गर्न र परिणाम प्राप्त गर्न उत्साहित गर्छ। दृष्टिकोणले हाम्रो प्रयत्नहरुमा ध्यान केन्द्रित गर्न सहयोग गर्छ, हामीलाई उत्प्रेरित गर्छ र हाम्रो प्रगतीको नाम गर्छ। साधारण दृष्टिकोणले हाम्रो कामलाई एक बनाउन सहयोग गर्छ र साँचो र ठुलो परिवर्तन लिएर आउन एक अर्कालाई समर्थन गर्ने मौका प्रदान गर्छ। /

विविध बिचार र दृष्टिकोणलाई सम्पूर्ण बिद्यालय समुदायले समर्थन गर्न एउटै दृष्टिकोण बनाउन बिद्यालय सल्लाह समिती एउटा सिद्ध उपकरण हो। दृष्टिकोण भएको कारण यो समितीले उपलब्ध सहयोग सामाग्री चिन्न बनाइएको कार्य योजना बिकास गर्न नितृत्व लिन, अन्तरिक र बाह्य गठबन्धन बनाउन, र दृष्टिकोणलाई वास्तविक बनाउने साझेदारी बनाउन कार्य गर्नको लागि तिव्रता र सहयोग संरचना प्रदान गर्छ।

**<u>“म” देखी “हामी” सम्म</u>**

बिभिन्न कार्यको लागि उत्प्रेरणा प्रदान गर्न बिद्यालय सल्लाह समिती एक समुह भइ काम गर्नु पर्छ। एक समुह भएर काम गर्न रोमञ्चक र रमाइलो हुन्छ तर यस्तो अवस्था बनाउन कडा पारिश्रम र प्रतिबद्धता चाहिन्छ। तपाईंलाई साकारात्मक र उत्साहजनक अनुभव होस् भनेर हामी चाहन्छौ, त्यसैले हामीले बिद्यालय सल्लाह समितीका सबै सदस्यहरुलाई बिद्यालय सल्लाह समितीको सदस्य हुनु भन्दा अगाडि आवश्यक पहिलो कदमको लागि सदस्यको प्रतिबद्धता स्विकार गर्नु पर्छ। यो प्रतिबद्धताले हामीलाई व्यक्तिगत परिचय, व्यक्तिगत् बिचार र व्यक्तिगत् बिषयहरुलाई समुहको भाग हुन र सामुहिक परिचय, सामुहिक बिचार र सामुहिक बिद्यालय बनाउन सहयोग गर्छ। प्रभावकारी बिद्यालय सल्लाह समिती बनाउन यि कुराहरु महत्त्वपूर्ण हुन्छ।

**<u>सफलताको लागि प्रणाली</u>**

सहयोग प्रणाली बिकास र प्रयोग गर्ने योग्यता चुनौतीपूर्ण बिद्यालय बातावरणमा दिगो सफलताको एउटा महत्त्वपूर्ण भाग हो। हामी आमा बुवा, विद्यार्थी, शिक्षक, सहयोग स्टाफ, र प्रशाशकहरु भएको कारण हामी छुट्टै रुपमा काम गर्दैनौं। हामीलाई सहयोग प्रदान गर्ने र हाम्रो सहयोग बाट फाईदा प्राप्त गर्ने हामी वरी परी धेरै व्यक्तिहरु हुन्छन्। हामीहरुले एक अर्काको शिक्षा र बिशेषज्ञता बाट सिक्न सक्छौं, अरुले उस्तै अवस्था मा हुँदा कसरी समस्याको समाधानको बारे सिक्न सक्छौ, सहयोग सामाग्रीहरु बाँड्न सक्छौं, चुनौती पूर्ण अवस्थामा सहयोग प्रदान गर्न र प्रोत्साहन प्रदान गर्दछन्। सहयोग प्रणालीले हाम्रो जीवन सुधार गर्न र हाम्रो व्यक्तिगत् र व्यवसायिक सिमा बढाउन सहयोग गर्छ, जस्ले गर्दा एक्लै प्राप्त गर्न नसक्ने परीणाम प्राप्त गर्न सक्ने छौं।

व्यक्तिहरुको लागि महत्त्वपूर्ण भएको सम्बन्धको प्रणाली संगठनहरुको लागि पनि महत्वपूर्ण हुन्छ। तपाईंको बिद्यालय जहाँ भए पनि तपाईंको समुदायमा भएका व्यक्तिहरु र समुदायको बाहिरका व्यक्तिहरुले तपाईंको बिद्यालयलाई सहयोग गर्न, कार्यक्रमहरु लिएर आउन, बिशेषज्ञता र सहयोग सामाग्री प्रदान गर्न तयार हुन्छन्। बिद्यालय सल्लाह समितीले सहयोग सामाग्रीहरुको अनुसन्धान

र मानचित्रण गर्न, सम्बन्ध र साझेदारीको बिकास गर्न नेतृत्व प्रदान गर्छ। बिद्यालय सल्लाह समितीलाई बिकास गरिएको बिद्यालयको दृष्टिकोण र कार्य योजनाले निर्देशन गरिन्छ, यो समिती साझेदारी प्रदान गर्न बनाइएको हो, यस्ले बिद्यालयको आवश्यकताहरु पुरा गर्न दिगो समाधान प्रदान गर्छ।

**बिद्यालय सल्लाह समितीको बारे थप जानकारीको लागि कृपया www.philasd.org/sac जानु होला, sac@philasd.org मा ईमेल गर्नु होला वा २१५ ४०० ४१८० फोन गर्नु होला।**

**बिद्यालय सल्लाह समितीको सदस्य हुने इच्छा भए कृपया समितीको नामांकन फारम अन्लाईन भर्नु होला वा आफ्नो बिद्यालयमा कागजको प्रतिलिपी माग्नु होला। यदी तपाईंको बिद्यालय सल्लाह समितीले नयाँ सदस्य स्विकार नगरेको खण्डमा समितीको आउँदो सम्मेलन कहिले छ थाहा पाइ अतिथीको रुपमा आउनु होला। तपाईंले आउँदो शैक्षिक बर्षमा आफ्नो नामांकन प्रदान गरी निर्वाचनको लागि उठ्न सक्नु हुन्छ।**